"समृद्ध राप्ती नगरको आधार, कृषि, पर्यटन र पूर्वाधार"

# समृद्ध राप्ती ई-बुलेटिन


२०८० फाल्गुन १५ गते मंगलवार
Tuesday, Feb 27 2024
• वर्ष-१ | • अंक-३

Email :rraptimunicipality42@gmail.com


समृद्ध राप्ती - ई बुलेटिन    web :www.raptimunchitwan.gov.np    SAMBRIDHHA RAPTI – E-bulletin



**श्री शमशेर लामा**
नगर प्रमुख
सम्पर्क : ९८५५०६२२३२



**श्री देवेन्द्र लामा**
नगर उप प्रमुख
सम्पर्क : ९८५५०५०६१०



**श्री निलम कुमार न्यौपाने**
प्रमुख प्रशासकीय अधिकृत
सम्पर्क : ९८५५०४३१११



**श्री दिपक थिङ**
सूचना अधिकारी
सम्पर्क : ९८६०८३६३९४

# भुमिहिनको निस्सा वितरणको बिषयमा सरोकारवाला संग अर्न्तक्रिया



फाल्गुन ४ / राप्ती

राप्ती नगरपालिका अर्न्तगतका वडा सचिवहरूलाइ ऐलानी जग्गाको निस्साको बिषयमा राष्ट्रिय भुमि आयोगको नेतृत्वमा अर्न्तक्रिया गरिएको छ । राप्ती नगरपालिकाको सभाहलमा शुक्रवार भएको अर्न्तक्रियामा ऐलानी जग्गाको किसिम, निस्सा वितरण गर्दा के के कुरामा ध्यान दिनुपर्छ भन्ने बिषयमा चितवनका नापि अधिकृत सुवास पंडितले प्रशिक्षण दिएका थिए । जग्गा पाउने लक्षित व्यक्ति, जग्गाको प्रकार र जग्गाको बिषयमा वडा सचिवहरूले राखेका प्रश्नमा जवाफ दिएका हुन । राप्ती नगर पालिका नगर प्रमुख शमशेर लामाले ऐलानी जग्गाको निस्सा वितरण र लालपुर्जाको प्रकृया अन्तिम चरणमा रहेका लक्षित वर्गलाइ सहजताको लागी समन्वय गर्न वडा सचिव र प्राविधिकलाइ निर्देशन दिएका छन । प्रमुख लामाले अन्तिम समयको लागी म्याद थप गर्दै लगत संकलनको लागी माग भएको समयावधिमा सबैले निस्सा भर्नको लागी अनुरोध गरे । फागुण १ गते वाट ३५ दिनको समय थप गरी छुटेकालाइ लगत संकलनको लागी अनुरोध गर्दै सुचना प्रकाशित गरेको र यसका लागी वडा सचिव र जनप्रतिनिधिले लक्षित जनतालाइ लगत संकलन गर्न सुचना प्रवाह गर्नुपर्ने, जानकारी दिनुपर्ने कुरामा जोड दिए । उनले अहिले राप्ती नगरपालिका वडा नं ७ र २ मा जग्गा नाप्ने काम भइरहेको र वडा नं ११ र ३ मा जग्गा नाप्ने काम सकिएको भन्दै अरू वडामा सुरू हुने बताए । अर्न्तक्रिया कार्यक्रममा राष्ट्रिय भुमि आयोग चितवनका अध्यक्ष बद्रि तिमिल्सिना, चितवन मालपोत अधिकृत रमेश गौतम, भुमि आयोग सदस्य निर प्रसाद लामिछाने, लक्ष्मीकान्त दवाडी , राप्ती नगरपालिका वडा नं ७ कि अध्यक्ष सुमिता डल्लाकोटी, वडा नं १० का अध्यक्ष तेज बहादुर तामाङ, वडा नं ८ की कार्यवहाक अध्यक्ष अम्बिका थपलिया लगायत सरोकारावालाहरूको उपस्थिती रहेको थियो ।

---

## हार्दिक शुभकामना

४२ औं मगर स्थापना दिवस तथा
एकता दिवसको पावन अवसरमा
संसार भरी छरीएर वस्नुभएको
मगर तथा नेपाली दाजुभाई
दिदिबहिनीहरूमा
हार्दिक मंगलमय शुभकामना व्यक्त
गर्दछौं ।



**श्री शमशेर लामा**
**नगर प्रमुख**
**राप्ती नगरपालिका, चितवन**

## हार्दिक शुभकामना

४२ औं मगर स्थापना दिवस तथा
एकता दिवसको पावन अवसरमा
संसार भरी छरीएर वस्नुभएको
मगर तथा नेपाली दाजुभाई
दिदिबहिनीहरूमा
हार्दिक मंगलमय शुभकामना व्यक्त
गर्दछौं ।



**मञ्जु थापा मगर**
**वडा सदस्य**
**राप्ती नगरपालिका, वडा न.७**

# व्यक्तिगत घटना दर्ता सम्बन्धि सूचनामुलक जानकारी

**क. व्यक्तिगत घटना दर्ता भनेको के हो ?**

मानिसको जीवनमा हुने व्यक्तिगत घटनालाई वडा कार्यालयमा रहेको स्थानीय पञ्जिकाधिकारी समक्ष गैं दर्ता गराई प्रमाणपत्र लिने कार्यलाई व्यक्तिगत घटना दर्ता भनिन्छ ।

**ख.घटना दर्ता कति प्रकार का हुन्छन ?**

घटना दर्ता ५ प्रकारका हुन्छन । ती हुन जन्म, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेद र मृत्यु ।

**ग. स्थानीय पञ्जिकाधिकारी भनेको को हो ?**

वडा सचिव वा वडा सचिव नभएको अवस्थामा पञ्जिकाधिकारीको सहमतिमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको स्थानीय तहको कर्मचारीलाई स्थानीय पञ्जिकाधिकारी भन्छन ।

**घ. जन्म दर्ताको प्रमाणपत्र कहा कसरी बनाउने ?**

जन्म भएको मितिले ३५ दिन भित्र सम्बन्धित पालिका अन्तर्गतको वडा कार्यालयमा गई बनाउन सकिन्छ ।

वाकि पेज नं ३ मा

# छाडा चौपाया व्यवस्थापनमा राप्ती सरकारको चासो

राप्ती । राप्तीमा चुनौती बन्दै गएको छाडा पशु चौपायाको व्यवस्थापनका लागि पहल थालिएको छ ।

राप्ती नगरपालिका प्रमुख शमशेर लामाले राप्ती ११ को स्थानीयहरु संग छलफल सुरु गरेका हुन । छाडा चौपया व्यवस्थापन गर्न उनीहरु यसको समाधानका लागि छलफल गरी गौशाला निर्माण प्रकृया अगाडि बढाएका छन। । गौशाला निर्माणका लागि राप्ती नगरपालिकाका मेयर शमशेर लामा, नगरपालिकाका पशुपन्छी कृषि सहकारी शाखा प्रमुख शैलेन्द्र भण्डारी लगायतका टोलीले राप्ती नगर पालिका-११ मा पुगेर स्थलगत अनुगमन र निरीक्षण गरेका छन। । वन क्षेत्रको भित्र पर्ने पशु चौपायालाई आहाराको समते कमी नहुने र पानी समेतको उपलब्धताले यो क्षेत्र गौशालाका लागि उपयुक्त हुने मेयर शमशेर लामाले बताए । ‘अहिले ठूलो समस्या र चुनौतीका रूपमा रहेको छाडा चौपया व्यवस्थापन चाडो गार्नु पर्ने देखिन्छ’ उनले भने’ जति सक्दो छिटो गौशाला निर्माण गार्नुपर्छ’। जंगलभित्र खालि जग्गामा रहेको यो क्षेत्र भित्र गौशाला निर्माण गरिनुपर्ने बताए । ‘छाडा चौपायाबाट कृषक लगायतका जनताहरु नै हैरान भएका छन यसको जति सक्दो चाडो व्यवस्थापन गुर्नपर्छ’ उनले भने’ सबै पालिका मिलेर छाडा चौपायका व्यवस्थापन गारिनुपर्ने उनले बताए । आफ्नो पालिकामा पुर्व पश्चिम राजमार्ग समेत रहेको कारण खुल्ला चौपायको कारण दुर्घटना बढेको, सडकमा यसरी छोडेको चौपाय मर्दा दुर्गन्ध फैलिएको भन्दै गौशाला निर्माण जरुरी रहेको उनले बताए । ‘छाडा चौपाया व्यवस्थापनका लागि सक्दो प्रयास गर्नेछु’ उनले भने । अब गौशाला निर्माणमा भने ढिलाइ गर्न नहुने उनले बताए ।



एक्का नेपाल नामक संस्थाले राप्ती नगरपालिकाको पहाडी क्षेत्रमा शिक्षा क्षेत्रमा सञ्चालन गरेको परियोजनाको अनुमगनमा राप्ती नगरपालिका शिक्षा शाखा पमुख रविना देउजा र शिक्षा समिती सदस्य राम बहादुर सारु मगर र संस्थाका कर्मचारीहरु

## पि.पि.आर खोप सप्ताह अभियान

प्रकाशित मिति : २०८०/११/१४

उपरोक्त सम्बन्धमा बागमती प्रदेश सरकारको सहयोगमा यस नगरपालिकाको पशुपन्छी बिकास शाखाले मिति २०८०/११/१६ गते देखि मिति२०८०/११/२२ गते सम्म भेडा बाखाको महामारी जन्य रोग पि.पि.आर विरुद्ध बिगतका वर्षहरु जस्तै यस वर्ष पनी खोप कार्यक्रम सन्चालन गर्न लागेको हुनाले सम्बन्धित सबै बाख्रापालक कृषकहरुले खोप लगाई आफ्ना पशु सुरक्षित हुन सूचित गरिन्छ ।

साथै आवश्यक जानकारीका लागि यस पशुपन्छी विकास शाखाका ना.प.से.प्रा. श्री मणिशंकर भट्ट को मो.नं। ९८६६८१३२६३ मा सम्पर्क गर्नुहोला ।

**राप्ती नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय, चितवन**

## सम्पादकीय

### लालपुर्जामा वितरण गर्न तदारुकता

पूवी चितवनको राप्ती नगरपालिकाका भूमिहीन दलीत, भूमिहिन सुकुमबासी र अव्यवस्थित बसोबासीहरुलाई लालपूर्जा वितरणको लागि जबरजस्त प्रक्रिया अगाडि बढाइएको छ ।

केन्द्र सरकारको उदासीनताका बीच स्थानीय सरकारले नगर भित्रका सुकुमबासीहरुलाई लालपूर्जा वितरणको लागि जबरजस्त प्रक्रिया अगाडि बढाइरहेको हो । सरकारले जिल्ला जिल्लामा भूमि आयोग गठन गरेको भएपनि सुकुमबासीलाई पुर्जा दिने कुरामा चासो दिएको छैन । स्थानीय सरकार प्रमुखहरुले आफुले गरेको प्रतिबद्धता पुरा गर्दै सुकुमबासीको व्यवस्थापनको लागि जिल्ला स्थित भूमि आयोगलाई गुहारी रहेका छन । राप्तीमा भूमिहीन दलीत, भूमिहिन सुकुमबासी र अव्यवस्थित बसोबासीहरुले निस्सा पाएको एक बर्ष वितिसक्यो तर उनीहरुको हातमा अहिले सम्म लालपूर्जा परेको छैन । जिल्ला स्थित भूमि आयोगले तदारुकताका साथ पूर्जा वितरणको लागि काम गरेको पाइदैन । राप्ती नगरपालिकाका करिब १३ हजार नागरिकलाई निस्सा वितरण गरिएको छ । निस्सा सिरानीमा हालेर सुतेका यहाँका सुकुमबासीहरुले पुर्जाको लागि पटक पटक मेयर शमशेर लामालाई आग्रह गरिरहेका छन । कर्मचारीको अभावका बीच राप्तीमा अहिले जग्गा नापको काम भइरहेको छ । सुकुमबासीहरुलाई लालपूर्जा वितरणको लागि राप्तीका जनप्रतिनिधि उत्तरदायी हुँदा समेत भूमि आयोगको सुस्ताताका कारण पुर्जा वितरण गर्ने दिनको टुङ्गो लाग्न सकेको छैन ।

### महत्वपूर्ण सर्म्पक नम्वर

राप्ती नगरपालिका चितवन : ०५६-५५००१५
राप्ती नगर प्रमुख : ९८५५०६२२३२
राप्ती नगर उपप्रमुख : ९८५५०५०६१०
सुचना अधिकारी : दिपक थिङ : ९८६०८३६३७४
भण्डारा अस्पताल : ०५६-५५००३७
निशुल्क एम्वुलेन्स : ९८५५०५०२४५
निशुल्क रगतको लागी : ०५६-५९५८८०
जिल्ला प्रहरी कार्यालय चितवन : १००
इ. प्रहरी कार्यालय भण्डारा : ९८५५०९०३०३
दमकल :०५६५९८२५४६
विद्युत प्राधिकरण भण्डारा : ०५६-५५०३६६
राप्ती उद्योग वाणिज्य संघ : ९८५५०६६३२२

सञ्चार माध्यम सर्म्पक न

हाम्रो राप्ती एफ एम : ९८५१०७४०६२
बिशाल न्युज दैनिक : ९८४३६०५३२८
सजिलो पाटी मिडिया : ९८११९८६०८७
द भ्वाइस अफ इण्डिजिनियस : ९८६५५१३५५३
द भ्वाइस अफ मगर : ९७६२३४५७४५

# व्यक्तिगत घटना दर्ता

ङ. विवाह दर्ता प्रमाणपत्र कसरी कहाँनेर कति दिन भित्र बनाउने ?
विवाह भएको ३५ दिन भित्र सम्बन्धित वडा कार्यालय, गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकामा गै बनाउन सकिन्छ ।

च. सम्बन्धविच्छेदको प्रमाणपत्र कहाँ कसरी बनाउने ?
सम्बन्धविच्छेदको प्रमाणपत्र पति वा पत्नीले आफू बसोबास गरेको सम्बन्धित वडा कार्यालय, गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकामा गै बनाउन सकिन्छ ।

छ. बसाइँसराइको प्रमाणपत्र कसरी बनाउने ?
बसाइँसराइ गर्ने व्यक्तिले सम्बन्धित वडा, गाउँपालिका, नगर पालिका, उपमहानगर पालिका र महानगर पालिकामा गै बनाउन सकिन्छ ।

ज. मृत्यु दर्ता चाहिँ किन गर्नुपर्ने नि ?
मृतकको मृत्यु सम्बन्धि कानुनी प्रमाण नै मृत्यु दर्ता प्रमाणपत्र हो । मृत्यु दर्ता गरेपछि मृतकसँगको आफ्नो नाता सम्बन्ध प्रमाणित गर्न सजिलो हुन्छ । सोही नाता प्रमाणितका आधारमा सम्पति नामसारीरहस्तान्तरण लगायतका हक अधिकार हस्तान्तरण गर्न सकिन्छ । मृत्यु र जनसंख्या सम्बन्धि तथ्यांक तयार पार्न तथा झुठा कामकार बाही नियन्त्रणका लागि समेत मृत्यु दर्ता गराउन आवश्यक छ ।

# लगत संकलन तथा समितिको नामावली पेस गर्ने सम्बन्धमा

## प्रकाशित मिति : २०८०/११/०२

प्रस्तुत विषयमा मिती २०८०।११।०१ गतेको राष्ट्रिय भूमि आयोगको दोस्रो पटक प्रकाशित सुचना अनुसार भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित वसोवासीहरुलाई व्यवस्थापन गर्ने प्रयोजनका लागी भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीले जग्गा पाउन आयोगले तोकेको ढाँचामा निवेदन फारम भरी मिति २०८०।११।०१ गते देखी ३५ दिन भित्रमा लगत संकलन गरी पेश गर्नहुन साथै वडा स्तरिय भूमिहीन तथा अव्यवस्थित वसोवासी व्यवस्थापन सहजीकरण समिति गठन नगरेको भएमा गठन गरी र गठन भएको भएमा समितिको नामावली पेस गर्नुहुन यो सार्वजनिक सुचना प्रकाशित सुचना गरिएको छ ।

**राप्ती नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय, चितवन**

# स्पेशल सिलाई कटाई प्रशिक्षक आवश्यक सम्बन्धमा

## दोस्रो पटक प्रकाशित मिति : २०८०/११/१४

उपरोक्त विषयमा राप्ती नगरपलिकामा गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत स्पेसल सिलाई कटाई संन्धि १५ दिनको सिप विकास तालिम सञ्चलनका लागि प्रशिक्षक अबवश्यक परेको ले योग्यता पुगेको इच्छुक व्यक्ति वा फर्महरुले सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र आफनो विवरण यस नगरपलिकाको उद्यम विकास शाखा मा आवेदन बुझउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल

१ .*CTEVTC* को तह २ को प्रमाणपत्र वा स्पेसल कोर्ष पूरा गरेको प्रमाणपत्र ।
२ . तालिम दियको प्रमाणपत्र र अनुभव
३ . व्यवसायको हक मा व्यवसायको दर्ता प्रमाणपत्र
४ . कर चुक्तको प्रमाणपत्र
५ . नागरिकता को प्रमाणपत्र
६ . सर्तहरु सम्झैता अनुसार हुनेछ ।
७ . अन्य कुराहरु प्रचलित ऐन कानुन र प्रचलन अनुसार हुनेछ ।

**राप्ती नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

प्राय: सोधिने प्रश्नहरु: पञ्जिकरण

प्रश्न नं १. व्यक्तिगत घटना दर्ता के हो ?
व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद तथा बसाईसराइ जस्ता मानिसका नीजि घटना स्थानीय पञ्जिकाधिकारीकोमा गै दर्ता गराउने र प्रमाणपत्र लिने कार्यलाई व्यक्तिगत घटना दर्ता भनिन्छ ।

२. व्यक्तिगत घटना दर्ता गर्नु जरुरी छ छैन ?
जरुरी छ । व्यक्तिले राज्यवाट पाउने सेवा सुविधा र हक स्थापना गर्न कानुन बमोजिम गर्ने व्यवहार का लागि व्यक्तिगत घटना दर्ताका प्रमाणपत्र जरुरी छ ।

३. व्यक्तिगत घटना दर्ता कहाँ गरिन्छ ?
सम्बन्धित व्यक्ति स्थायी बसोबास गरेको गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगर पालिका ।

४. व्यक्तिगत घटना कसले दर्ता गर्दछ ?
स्थानीय पञ्जिकाधिकारीले ।

५. स्थानीय पञ्जिकाधिकारी कस्लाई भनिन्छ ?
९क० नगरपालिका, उपमहानगर पालिका र महानगरपालिकाका हकमा वडा सचिव र वडा सचिव नभएको अवस्थामा पञ्जिकाधिकारी रजिस्ट्रार को सहमतिमा नगर पालिकाको प्रमुख प्रशासकीय अधिकृतले तोकेको स्थानीय तहको कर्मचारी ।
ख गाउँपालिकाको हकमा वडा सचिव र वडा सचिव नभएको अवस्थामा पञ्जिकाधिकारी ९रजिस्ट्रार० को सहमतिमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले तोकेको स्थानीय तहको कर्मचारी ।

६. व्यक्तिगत घटना दर्ताको लागि सूचक को हुन्छ ?
व्यक्तिगत घटना दर्ताको लागि देहाय बमोजिमका सूचक हुन सक्दछन्:
व्यक्तिगत घटना: जन्म
सुचक बन्न सक्ने:
बुबा आमा बाजे वा परिवारका मुख्य व्यक्ति र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्ति धर्मपुत्रपुत्रीको जन्म दर्ता गर्ने कानुन बमोजिम पारित लिखत समेत राखी धर्मपुत्र वा धर्मपुत्री राख्ने बाबु वा आमाले बाबुआमा र बंशज तर्फ कोहि पनि नभएको हकमा सम्बन्धित वडा अध्यक्षको सिफारिसको आधारमा सम्बन्धित गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष र निजहरुको पदरिक्त भएको अवस्थामा गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत र नगर पालिकाको क्षेत्रभित्रको व्यक्तिको हकमा सम्बन्धित वडा अध्यक्षको सिफारिसको आधारमा सम्बन्धित नगरपालिकाको प्रमुख वा उपप्रमुख र निजहरुको पद रिक्त भएको अवस्थामा सम्बन्धित नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको सिफारिसको आधारमा ।

वाकि पेज नं ४

# व्यक्तिगत घटना दर्ता

व्यक्तिगत घटना: विवाह सुचक बन्न सक्ने:
पति र पत्नी दुवै बेपत्ता भएका नागरिकको विवाह दर्ता गर्न पति वा पत्नी एक्लै ९सर्जमिन मुचुल् का सहित० पतिले विवाह दर्ता गर्ने इन्कार गरेको अवस्थामा नाता कायम प्रमाणपत्र वा सम्मानित अदालतको फैसलाको प्रमाणपत्र भएमा पत्नी एक्लैले ।

व्यक्तिगत घटना: सम्बन्धविच्छेद सुचक बन्न सक्ने:
पति वा पत्नी मध्ये कुनै एक तर अदालतले सम्बन्धविच्छेदको फैसला गरेको कागजात जरुरी हुन्छ ।

दौत्य सम्बन्ध भएको मुलुकको अदालतमा सम्बन्धविच्छेद गर्ने नेपाली नागरिकको हकमा राजदुतावासवाट प्रमाणित अदालतको फैसलाको आधारमा पति वा पत्नीले ।

व्यक्तिगत घटना: बसाईँसराइ
सुचक बन्न सक्ने:
परिवार सबै बसाईँसराइ गर्ने भए परिवारको मुख्य व्यक्तिले व्यक्ति एक्लै बसाईँसराइ गर्ने भए व्यक्ति व्यक्ति स्वयंले ।

बाबुको ठेगाना नभएका बच्चाको आमाको नामवाट जन्मदर्ता गर्न मिल्दछ ? मिल्दछ ।

बाबुको ठेगाना नभएको बच्चाको जन्मदर्ता गर्न सूचना फाराममको बाबुको विवरणको महलमा ठेगान नभएको व्यहोरा लेखी आमा सूचक बनी जन्मेको घटना दर्ता गर्न सकिन्छ ।

८.आमा र बुबा दुवै नभएका बच्चाको जन्मदर्ता गर्न मिल्दछ ?
मिल्छ । विस्तृत जानकारी प्रश्न नं। ९६० को सूचकको महलमा उल्लेख छ ।

९. मावली हजुरबुबा वा हजुरामा पनि सूचक हुन सक्दछन ?
सक्दैनन ।

१०.विदेशी नागरिकको जन्मदर्ता गर्न मिल्दछ ?

बच्चा नेपालमा जन्मेको हो भने मिल्छ ।

११. नेपाली आमावाट विदेशमा जन्मी बाबुको पत्ता नलागेको जन्मदर्ता गर्न मिल्दछ ?

मिल्दछ । यसो गर्दा बालकको जन्मदर्ता गर्दा प्रमाणपत्रमा नेपाली राजदुतावास वा महावाणिज्यदूतावासले उपलब्ध गराएको मा उल्लिखित विवरण जस्तैः ९जन्म स्थान, देश र जन्म मिति उल्लेख गर्नुपर्दछ ।

यश बाहेक जन्मदर्ता प्रमाणपत्रमा विदेशी हो भने विदेशी र थाहा नभएको अवस्थामा थाहा नभएको उल्लेख गर्नुपर्छ ।
१२. के कारागार जन्मेकाररहेका बच्चाको पनि जन्मदर्ता गर्न मिल्दछ ?
कारागारमा जन्मेकार रहेका बालबालिकाको कारागारमा रहेको व्यहोरा प्रमाणित भै आए बमोजिम जन्मदर्ता गर्न मिल्दछ ।

वाकि अर्को अंकमा

## समुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रम

प्रकाशित मिति : २०८०/११/११

बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि बिकास निर्देशनालय, हेटौडाको आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम समुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रम मा प्रस्ताव पेश गर्ने मिति २०८०/ ११/०९ गते पहिलो पटक प्रकाशित मितिले ३० दिनको सूचना प्रकाशित भएकोले सो सूचना यसै साथ संलग्न राखि आदेश अनुसार प्रकाशित गरिएको छ। साथै उक्त कार्यक्रम सन्चालन गर्न कार्यविधि कृषि विकास निर्देशनालयको वेवसाइट ***htt://doad.bagmati.gov.np*** बाट डाउनलोड गर्न सकिने छ।

**राप्ती नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय, चितवन**

